जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १२१ पृष्ठः ४ | २०८२ भदौ १३ गते शुक्रबार (Friday 29 Aug. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## भूमि विधेयक खारेजीको माँग गर्दै जसपाले गरे गोलबजारमा प्रदर्शन

सिरहा, १२ भदौ। जनता समाजवादी पार्टी(जसपा) नेपालले जारी गरेको भूमि विधेयक तत्काल खारेजीको माँग गर्दै सिरहाको गोलबजारमा प्रदर्शन गरेको छ। संघीय सरकारले भूमि विधेयक मधेशलाई मरुभूमि बनाउन र यहाँको मुलवासिलाई अल्पसंख्यामा पुऱ्याउन खोजेको भन्दै जसपा नेपालले सिरहाले विहिवार गोलबजारमा प्रदर्शन गरेको हो।

प्रदर्शन पछि गोलबजारको मुख्य चौकमा भएको कोणसभामा पार्टीका केन्द्रिय नेता अशेश्वर यादवले सरकारले मधेरलाई मरुभुमि बनाउने योजनासहित नै विधेयक ल्याएको जिकिर गरे। उनले भने, 'चुरेको अनियन्त्रित दोहनको प्रभाव अहिले मधेशमा देखिन थालिसकेको छ। चुरेमा बस्ति बसाल्ने योजना सहित




यो विधेयक ल्याएको हो। यसलाई जुनसुकै हालतमा खारेज गर्नु पर्छ।'

सो क्रममा बक्ताहरुले भूमि विधेयकमा असहयोग गरेकै कारण आफ्ना पार्टी अध्यक्ष उपेन्द्र यादवलाई फसाउन १९ वर्ष पुरानो गौर हत्या काण्डको विषय उठाएको उनीहरूको आरोप लगाए। उनीहरूले अदालतको प्रमादेशलाई राजनीतिक प्रतिशोधको रूपमा व्याख्य गरेका छन्। जसपा नेपाल सिरहाका अध्यक्ष अशोक कुमार यादवको नेतृत्वमा भएको प्रदर्शनमा भूमि विधेयक ल्याएर सरकारले मधेशलाई मरुभूमीकरण गर्न खोजेको आरोप लगाए।

गोलबजारको धमिनीस्थानबाट निस्केको जुलुस बजार परिक्रममा पछि मूख्य सडकमा पुगेर कोणसभामा परिणतत भएको थियो।

त्यस्तै भूमि विधेयकविरुद्ध आन्दोलन सुरु गरेको जनता समाजवादी पार्टी (जसपा) नेपाल

**–बाँकी दुई पेजमा**

## चेक बाउन्स मुद्दाले मानसिक तनावमा युवा

सिरहा, १२ भदौ। आफ्नै साथीले चेक चोरी गरेर ब्ल्याकमेल गरेपछि सिरहाका निरञ्जन यादव न्यायाको खोजीमा भौतारिरहेका छन्। सिरहा नगरपालिका १५ सुक्चेना बुधौराका २७ वर्षीय निरञ्जन यादव आफूलाई सँगै बस्ने साथीले ब्ल्याकमेल गरेपछि मानसिक तनावमा पुगेको बताउँछन्। निरञ्जन र मिर्चैया नगरपालिका–११ का भोगेन्द्र यादवबीचको मित्रता जनकपुरस्थित एक क्याम्पसमा इन्जिनियरिङ अध्ययन गर्ने क्रममा सुरु भएको थियो। पढाइ सकेपछि दुवैले संयुक्त रूपमा निर्माण व्यवसाय सुरु गर्ने निर्णय गरे र कम्पनी निरञ्जनकै



नाममा दर्ता भयो।

२०७९/८० मा धनुषाको हाँसपुर नगरपालिकामा करिब ७७ लाख रुपैयाँको सडक कालोपत्रे ठेक्का पाउँदा उनीहरूको व्यावसायिक यात्रा अघि बढ्यो। कामको साइड व्यवस्थापन भोगेन्द्रले लिए भने

**–बाँकी तीन पेजमा**

## मिर्चैयामा 'ओभरपास' निर्माण हुँदै

सिरहा, १२ भदौ। पूर्वपश्चिम राजमार्ग अन्तर्गत कञ्चनपुर–कमला सडक विस्तारका क्रममा सिरहाको मिर्चैयामा ओभरपास निर्माण भइरहेको छ। निर्माण कम्पनी 'चाइना रेलवे–२ इन्जिनियरिङ ग्रुप'ले सन् २०२५ डिसेम्बर ३१ भित्र काम सम्पन्न गर्ने लक्ष्यसहित निर्माण भइरहेको जनाएको छ। पाँच सय मिटर लम्बाइको ओभरपासमा २४ वटा 'पाइल' राखिसकिएको छ। उक्त संरचना छ मिटर उचाइमा निर्माण हुने बताइएको छ। आयोजनाका प्राविधिक शाखाका सूचना अधिकारी सरोज कोइरालाले भने, 'यो संरचना निर्माणपछि पूर्वपश्चिम तर्फ सवारीसाधन



ओभरपासबाटै गुड्नेछन् भने उत्तर—दक्षिण तर्फका सवारीसाधन मुनिबाट क्रस हुने व्यवस्था मिलाइनेछ।'

सोही योजनाअन्तर्गत लहान चोकमासमेत अर्को ओभरपास निर्माण सुरु भइसकेको छ। विद्युत् पोल नसरिएकाले त्यहाँ केही प्राविधिक समस्या उत्पन्न भएको निर्माण कम्पनीले जनाएको छ। कञ्चनपुरदेखि कमलासम्मको ८६.८३ किलोमिटर सडक विस्तार परियोजनाअन्तर्गत बलान नदीदेखि कमलासम्मको ४७ किलोमिटर खण्डमा हालसम्म ६६.५० प्रतिशत

**–बाँकी तीन पेजमा**




## हैजाका लक्षण र बच्ने उपाय

**लक्षणः**

- बारम्बार पानीजस्तो पातलो पखाला लाग्ने,
- बारम्बार वान्ता हुने,
- शरीर कमजोर हुने, आँखा भासिने,
- शरीरमा पानीको कमी भई अत्यधिक पानी तिर्खा लाग्ने,
- मुख र छाला सुख्खा हुने,
- कमजोरी र थकान महशुस हुने,
- चक्कर लाग्ने वा होश हराउने,
- कम रक्तचाप र छिटो नाडी चल्ने।

**बच्ने उपायहरूः**

- पानी उमालेर वा फिल्टर गरेर पिउने,
- खाना पकाउँदा र खाँदा साबुनपानीले हात धुने,
- खुला रुपमा राखिएको खाना नखाने,
- जथाभावी दिशापिसाव नगर्ने र शौचालय सफा राखे,
- खानेकुरा राम्रोसँग पखालेर खाने,
- झोलिलो खाना र प्रशस्त पानी पिउने,
- लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्थामा जाने।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## गोलबजार–रिस्कु सडक: दुर्गमलाई समृद्धितर्फ

सिरहा जिल्लाको गोलबजारदेखि उदयपुरको कटारी नगरपालिका–६ स्थित रिस्कुसम्म झण्डै २२ किलोमिटर लामो नयाँ अन्तरप्रदेशीय सडकमार्ग निर्माण हुने खबर विकासप्रति सकारात्मक संकेत हो। सघन सहरी तथा भवन निर्माण आयोजना, सप्तरीद्वारा निर्माण हुने यो सडक पूर्व–पश्चिम राजमार्गलाई चुरे क्षेत्र पार गर्दै मदन भण्डारी लोकमार्गमा जोड्नेछ। यस योजनाका प्रारम्भिक चरणका लागि चालु आर्थिक वर्ष २०८२/८३ मा तीन करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ, जुन योजनाको व्यावहारिक शुरुवातको आधार बनिरहेको छ।

स्थानीय विकासको मेरुदण्डका रूपमा यातायात पूर्वाधारले महत्वपूर्ण भूमिका खेल्दछ। अहिलेको अवस्थालाई हेर्दा, रिस्कुवासीहरूलाई सिरहाको मर्चैया वा सप्तरीको कदमहा हुँदै लामो र घुमाउरो बाटो प्रयोग गर्नुपर्ने बाध्यता छ। यसले न केवल समय र ऊर्जा, तर आर्थिक स्रोत पनि अनावश्यक रूपमा खर्च गराइरहेको छ। नयाँ सडकले दुरी छोट्याउने मात्र होइन, स्थानीय जनताको दैनन्दिन जीवनमा सहजता ल्याउने, चाडपर्वका बेला किनमेल सहज हुने, बजारसम्म पहुँच बढाउने, तथा समग्र ग्रामीण जनजीवनलाई सहरी सेवा–सुविधासँग जोड्ने विशिष्ट सम्भावना बोकेको छ।

सडक निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन र प्रारम्भिक वातावरणीय मूल्याङ्कन तयार गर्न पाँच सदस्यीय सहयोग समिति गठन भइसकेको छ। पूर्वकानुनमन्त्री तथा प्रतिनिधिसभा सदस्य लिलानाथ श्रेष्ठ, मधेस प्रदेशसभा सदस्य मनोजकुमार सिंह, नगरप्रमुख श्यामकुमार श्रेष्ठ लगायत सम्बन्धित सरोकारवालाहरूको सक्रिय सहभागिता आयोजना सफल हुने विश्वासको जग हो। पूर्वमन्त्री श्रेष्ठद्वारा समितिलाई एक महिनाभित्र ट्रेस निर्धारण गरी प्रतिवेदन पेश गर्न निर्देशन दिइनु योजनालाई समयमै सम्पन्न गराउने प्रेरणादायक कदम हो।

यो सडकमार्गले न केवल भौगोलिक दूरी घटाउनेछ, तर स्थानीय अर्थतन्त्रमा दीर्घकालीन परिवर्तन ल्याउनेछ। व्यापार, कृषि, पर्यटन र सेवा क्षेत्रमा यो सडकले थप उर्जाशक्ति थप्ने निश्चित छ। विशेष गरी चोहर्वा, घुर्मी जस्ता बस्तीहरू सडकसञ्जालबाट टाढा भएका कारण विकासको मूलधारबाट पछि परिरहेका छन्। अब ती क्षेत्रमा सहरी जीवनको सुगन्ध पुग्ने अपेक्षा गर्न सकिन्छ। सडक योजना केवल ईंटा, डोजर र बुल्डोजरको काम मात्र होइन यसले जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने सामाजिक–आर्थिक संयन्त्र पनि हो। त्यसैले योजना पारदर्शिता, दक्षता र जनसहभागितामा आधारित भएर अघि बढ्नुपर्छ। वातावरणीय सन्तुलन, चुरे संरक्षण तथा विस्थापन हुनसक्ने समुदायहरूको अधिकारलाई ख्याल गर्दै निर्माण कार्य अगाडि बढाउन आवश्यक छ।

निष्कर्षमा, गोलबजार–रिस्कु सडक योजनाले दुर्गम क्षेत्रलाई शहरी पूर्वाधारसँग जोड्ने माध्यम बनेर सामाजिक न्याय, समावेशी विकास र समृद्धिको मार्ग प्रशस्त गर्नेछ। तर, यसको पूर्ण लाभ उठाउनको लागि समयमै योजना कार्यान्वयन, गुणस्तरमा सम्झौता नगर्ने प्रतिबद्धता, र जनताको विश्वास जित्ने पारदर्शी कार्यशैली अनिवार्य हुनेछ। यस सडकले केवल भौगोलिक दूरी होइन, राज्य र जनताको दूरी पनि घटाओस् भन्ने आशा गरौं।

### भूमि विधेयक...

आबद्ध नेता कार्यकताले बिहीबार सप्तरीको बोदे बरसाईन बजारमा प्रदर्शन गरेका छन्। बोदे बरसाइन नगरपालिका–५ स्थित शत्रुधन चोकमा भेला भएका नेता कार्यकर्ताले पार्टीको झन्डा बोकेर बजारभरि प्रदर्शन गरेका हुन्।

पुनः फर्किएर सोही चोकमा विरोधसभाको आयोजना गरेका उनीहरुले भूमि विधेयक देश र जनताको हितमा नभई भू–माफिया र दलालहरुको पक्षपोषण गर्न पारित गर्न लागेको आरोप लगाए। पार्टीका जिल्ला अध्यक्ष केदारप्रसाद यादवले भूमि विधेयक पारित भए मधेशका भूमि स्थायी रुपमा मरुभूमिमा परिणत हुने बताए।

केन्द्रीय सदस्य शैलेन्द्रमोहन झाले राष्ट्रियहीत विपरीत ल्याइएको भूमि विधेयकमा समर्थन नजनाउँदा राष्ट्रिय अध्यक्षलाई फसाउन खोजेको आरोप लगाए। वन क्षेत्रको जग्गामा हुने अतिक्रमण रोक्न तथा जैविक विविधता र पर्यावरणको संरक्षण गर्न, तराई मधेशलाई मरुभूमिकरण हुनबाट जोगाउन तथा जल, जंगल र भूमिको रक्षा गर्न सुरु गरिएको आन्दोलन सशक्त रुपमा अघि बढाउने उनको भनाइ छ।

# कालापानी क्षेत्र नेपालकै हो भन्ने पर्याप्त प्रमाण छन्, भारतसँग निरन्तर कुरा गर्नुपर्छ




कुनै पनि देशको सिमाना कति हो भन्नका लागि मुख्य गरेर त्यो देशको छिमेकी देशहरूसँगको सन्धि कस्तो छ भन्ने प्रमुख आधार हुन्छ। सुगौली सन्धिमा नेपालको सिमाना कालीनदीसम्म भनेर लेखिएको छ। अहिलेको खास विवाद कालीनदीको मुहान कहाँ हो भन्नेमा हो। सुगौली सन्धि हुनु भन्दाअघि सन्१८१५ मा ब्रिटिश इस्ट इन्डिया कम्पनीका मान्छेहरूले गरेको अनुसन्धानमा, उनीहरूले बनाएको नक्सामा, उनीहरूले लेखेको किताबहरूमा कालीनदीको मुहान भनेर लिम्पियाधुरासम्मलाई चिनिन्थ्यो। त्यहाँबाट बगेर आउने नदीलाई कालीनदी हो भनेर उनीहरूको प्रमाणले र त्यो बेलाको नक्साले भन्छ। पछिल्लो पटक भारतले कालीनदीको मुहान भनेर लिम्पियाधुराबाट बग्ने नदीलाई नभई धेरै वर नै आएर अर्को सानो खोल्सामा बग्ने नदीलाई दाबी गरेको छ। अहिलेको मुख्य जरो भनेको, मुख्य समस्या भनेको कालीनदीको मुहान कुन हो भन्नेबारेमा नेपालको प्रमाण र भारतले भन्ने दाबीमा नै फरक भएको कारणले विवाद आइरहेको हो। यसको समाधानका लागि भारतसँग र नेपालसँग कस्तो–कस्तो खालको प्रमाण छ भनेर आ–आफ्नो प्रमाण जुटाएर कूटनीतिक तवरमै वार्ता गरेर यो समस्या समाधान गर्नुपर्ने हो, त्यो भइराखेको छैन।

पहिलो प्रमाण भनेको सुगौली सन्धि नै हो। सुगौली सन्धिभन्दा अगाडिका नक्साहरूदेखि लिएर अरू विभिन्न खालको प्रतिवेदनहरू पनि छन्। सुगौली सन्धि पछाडि पनि विभिन्न समयमा विभिन्न नक्साहरू जारी भएको छ जुन अन्तर्राष्ट्रिय पुस्तकालयहरूमा छ। नेपाल सरकारसँग पनि विभिन्न प्रकारका प्रमाणहरू छन् । नेपाल सरकारसँग त्यहाँको जग्गाको लालपुर्जा पनि छ भन्ने कुराहरू छ। त्यसैगरी वरिष्ठ पत्रकार भैरव रिसालले २०२८ सालमा आफूले नै त्यो ठाउँको जनगणना गरेको भन्नुभएको थियो।

२०१५ सालमा भएको नेपालको आमचुनावमा त्यहाँको नागरिकले मतदान गरेको, उनीहरूको नाम मतदाता नामावलीमा भएको भन्नेदेखि लिएर अरू विभिन्न प्रकारका प्रमाणहरू पनि छन्। ती प्रमाणहरू खोजी गरेर ती प्रमाणकै आधारमा भारतसँग हामीले पहिलो कूटनीतिक तवरमा वार्ता गर्नुपर्छ। त्रिदेशीय नाका पनि भएकाले चीनसँग पनि शुरूमा दुईपक्षीय रूपमा वार्ता गर्ने र त्यस पछाडि भारत, नेपाल र चीन बसेर यो समस्या समाधानका लागि आ–आफ्नो प्रमाणको आधारमा कुराकानी गर्न सकिन्छ।

सुगौली सन्धि पछाडि नेपालमा राणाशासनको अन्त्य भयो। पछाडि पञ्चायतकाल आयो। त्यसपछि जे–जति सरकारहरू गठन भए, उनीहरूले आफ्नो सरकार टिकाउनका लागि भारतलाई वा चीनलाई नचिढाउने भनेर यो विषयलाई ओझेलमा पारेको वा यो विषयलाई धेरै प्राथमिकता नदिएको देखिन्छ। जबजब विवाद आउँछ नेपालको राजनीतिक दलहरू, सबै सरोकारवालाहरूबाट यसबारेमा बोल्ने, प्रतिक्रिया दिने काम हुन्छ। तर यसलाई निरन्तरता दिने काम हुँदैन। त्यही भएर सन् २०१५ मा भारतले त्यो क्षेत्र आफ्नो भनेर नयाँ नक्सा जारी गऱ्यो।

सन् २०१९ मा भारतले बाटो नै बनायो। त्यो बेला पनि नेपालले प्रतिक्रिया जनायो, कूटनीतिक पत्रहरू पठाएर विरोध जनायो भारतलाई पनि, चीनलाई पनि। त्यसपछि नेपालका प्रधानमन्त्रीहरूको भारत र चीनको भ्रमण, भारतका प्रधानमन्त्रीको नेपाल भ्रमण, चीनका राष्ट्रपतिको नेपाल भ्रमण अथवा अरू उच्च तहको राजनीतिक अथवा कूटनीतिक भ्रमणमा यो कुरा निरन्तर रूपमा उठेन। कुरा नउठेपछि यो समस्याबाट भारत र चीनलाई फाइदा भइरहेको छ, नेपाललाई घाटा भइरहेको छ।

नेपालले त निरन्तर रूपमा यो विषय उठाउनुपर्‍यो। नेपालको परराष्ट्र मन्त्रालय अथवा नेपाल सरकारसँग एउटा यस्तो निकाय हुनुपर्‍यो, उसको काम भनेको निरन्तर प्रमाणहरू खोजी गर्ने, सङ्कलन गर्ने र परराष्ट्र मन्त्रालय अथवा नेपाल सरकारलाई प्रतिक्रियाका रूपमा यस्तो–यस्तो प्रमाण छ, नयाँ–नयाँ प्रमाणहरू यस्तो आयो, यसरी वार्ता गर्नु भनेर भन्ने संयन्त्र हुनुपर्थ्यो। सन् २०१५ मा पनि भारत र चीनले यही सम्झौता गरेका थिए, त्यो नाका खोल्ने भनेर। त्यसभन्दाअघि यो विषय नेपाल र भारतबीच मात्रै देखिन्थ्यो। चीनले नेपालसँग सरसल्लाह नै नगरिकन भारतसँग सम्झौता गरिसके पछाडि त्यो अब नेपाल र भारतबीचको मात्रै कुरा भएन। भारतको बजार ठूलो भएकाले चीनले नेपालभन्दा पनि त्यहाँबाट धेरै फाइदा लिन पाउँछ। त्यही भएर चीनका लागि नेपालभन्दा भारत त्यस अर्थमा महत्त्वको हुन सक्छ। तर अर्को पक्ष के हो भने नेपाल सानो राष्ट्र भए पनि चीन जुन बेलामा अप्ठ्यारो अवस्थामा थियो त्यो बेला नेपालले चीनलाई धेरै सहयोग पनि गरेको छ। अहिले पो चीनको अर्थतन्त्र बलियो भयो। एकै दिनमा चीनको अर्थतन्त्र बलियो भएको त होइन नि [ जुन बेलामा चीन कमजोर थियो त्यो बेला नेपालले सहयोग गरेको छ, त्यो एउटा पाटो भयो।

तर मुख्य पाटो भनेको लिपुलेक, कालापानी, लिम्पियाधुराको सिमानाको कुरा छ, त्यहाँको जमिनको बारेमा कुरा छ। त्यसको अकाट्य प्रमाण नेपालसँग छ भने कम्तीमा पनि वार्ता गरेर आ–आफ्नो कुराहरू टेबलमा राखेर एउटा निष्कर्षमा पुग्नुपर्छ। नेपालले कूटनीतिक तरिकाले अथवा राजनीतिक तहमा, उच्च तहमा नै दुवै मित्र राष्ट्रहरूसँग कुराकानी गर्नुपर्छ। अब प्रधानमन्त्रीको चीन र भारतको भ्रमण हुँदैछ। त्यो भ्रमणका लागि नेपालले राम्रोसँग गृहकार्य गर्नुपर्‍यो। प्रधानमन्त्रीले संसदमा भएका नेपालका राजनीतिक दलहरू र अरू दलहरूसँग सर्वदलीय बैठकहरू बस्ने, साझा धारणाहरू बनाउने र यो विषयमा नेपाल एकजुट छ भन्ने सन्देश दिन सक्नुपर्छ। चीनमा पनि भारतका प्रधानमन्त्रीसँग साइडलाइनमा भेटवार्ता हुने सम्भावना छ। त्यो साइडलाइन भेटघाटमा पनि अरू विभिन्न विषयहरूसँगै लिपुलेक, लिम्पियाधुरा, कालापानीको विषयमा नेपालको अवस्था यो हो, हामीसँग यस्ता–यस्ता प्रमाण छन् भनेर भन्न सक्नुहुन्छ। त्यसपछि लगत्तै भारतमा हुन लागेको भ्रमण छ, त्यो भ्रमणमा अझ विस्तृत रूपमा तयारी गर्न सकिन्छ। त्यो भ्रमणका एजेन्डाहरूमध्ये एउटा महत्वपूर्ण एजेन्डाका रूपमा यो विषयलाई पनि अगाडि राखेर कुराकानी गर्न सक्नुहुन्छ।

यसअघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल भ्रमणमा आउँदा पनि नेपाल र भारतबीच रहेका सीमा विवाद समाधान गर्नका लागि त्यो बेलामा परराष्ट्र सचिव स्तरमा काम गर्ने भनेर प्रधानमन्त्रीको तहबाट परराष्ट्र सचिवको तहमा निर्देशन दिने काम भएको थियो। तर परराष्ट्र सचिव तहको बैठक कहिल्यै पनि बसेन। त्यसले सीमाको विषयमा कुनै काम गर्न सकेन। अहिले हामीसँग संयन्त्र नै नभएको होइन। हामीसँग विभिन्न खालको संयन्त्र छ। परराष्ट्र सचिवको तहमा छ, प्राविधिक कमिटी पनि छ।

नेपालको कालापानी, लिपुलेकसँग मात्रै होइन भारतसँगको सीमा विवाद सुस्तादेखि लिएर अरू विभिन्न ७२ भन्दा बढी ठाउँमा छन्। सबै विवाद समाधानका लागि विभिन्न तरिकाहरू हुन सक्छ। प्राविधिक कमिटी हुन सक्छ, त्यो कमिटीहरू विस्तार गरेर वार्ता गर्नुपर्छ भन्ने एउटा पाटो हो। अर्को पाटोको कुरा के हो भने यो समस्या समाधानका लागि भारतले सकेसम्म वार्ताको टेबलमा आउनै नचाहने देखिएको छ। किनभने सन् २०१५ मा पनि नेपालले दुवै राष्ट्र भारत र चीनलाई कुटनीतिक पत्र पठायो।

सन् २०१९ मा नेपालले भारतलाई विभिन्न तहमा वार्ता गर्नका लागि पत्रहरू पठायो। भारतले कहिल्यै पनि प्रतिक्रिया जनाएन। भारतलाई वार्ताको टेबलमा ल्याउन विभिन्न तहबाट पहल हुनुपर्छ। अब सबैभन्दा पहिले प्रधानमन्त्रीको भ्रमणको बेलामा राजनीतिक र कूटनीतिक तहमा वार्ता गर्नका लागि कमिटी गठन गर्ने हो कि के गर्ने हो त्यसमा केन्द्रित हुनुपर्छ। त्यति गर्दा पनि भारत नेपालसँग सीमा समस्या समाधानका लागि वार्ताको टेबलमा नआउने खालको अवस्था भयो भने त्यसलाई नेपालको घरेलु राजनीतिक तहमा, अन्तर्राष्ट्रिय फोरमहरूमा अथवा राष्ट्रसंघसम्म पुऱ्याएर पनि दबाव दिनुपर्छ।

भारतका कतिपय राजनीतिक दल, राजनीतिक पार्टीका नेताहरू तथा विगतका केही प्रधानमन्त्रीहरू नेपालप्रति नरम विचार राख्नेहरू पनि हुनुहुन्छ। नेपाल हाम्रो मित्र राष्ट्र हो, नेपालसँग हामीले राम्रो खालको सम्बन्ध राख्नुपर्छ, हामीले नेपाललाई जति सहयोग गर्छौं नेपालबाट त्यही तहमा हामीले सहयोगको आशा गर्नु हुँदैन भन्ने खालका व्यक्तिहरू पनि हुनुहुन्छ। अब अहिले नरेन्द्र मोदीको सरकार छ। मोदीको कार्यकाल सधैँ नरहन पनि सक्छ। अबको चुनावमा उहाँबाहेक अरू मानिसहरू पनि त्यो तहमा आउन सक्नुहुन्छ जसले नेपालका लागि नरम विचार राख्ने, पोजिसन राख्ने खालको हुन सक्छ।

तर कुरा के हो भने नेपालले आफ्नो राष्ट्रिय राजनीतिमा अथवा भारतसँग वार्ता गर्ने क्रममा यो विषयलाई छोड्न भएन। सीमाको विषयलाई निरन्तर उठाउन सकेमा एउटा तहको दबाव सिर्जना हुन्छ। एउटा विन्दुमा ल है नेपालले साह्रै गर्न थाल्यो, अब चाहिँ वार्ता गर्नुपर्‍यो भनेर भारतलाई पनि दबाव सिर्जना हुन सक्छ। (अन्तर्राष्ट्रिय सम्बन्धका जानकार उपप्रध्यापक खनालसँगको कुराकानीमा आधारित।) उज्यालो अनलाइनबाट

# जनकपुरधाममा ई–रिक्साको चाप : पार्किङ समस्याले ट्राफिक जाम, मनपरी भाडाले यात्रीलाई सास्ती



जनकपुरधाम, १२ भदौ। जनकपुरधाम नगर क्षेत्रमा ई–रिक्साको अत्यधिक चापका कारण पार्किङ समस्या बढेको छ। समयमै व्यवस्थापनमा ध्यान नदिँदा जनकपुरधाम उपमहानगरपालिका ट्राफिक जामले अस्तव्यस्त बन्दै गएको छ। दर्ताविना नै कैयौँ ई–रिक्सा सञ्चालित हुँदासमेत नियामक निकाय मौन देखिएको स्थानीयको भनाइ छ। ई–रिक्सालाई व्यवस्थित गर्न नसक्दा सडकमा जाम बढ्नुका साथै अनावश्यक हर्न बजाएर ध्वनि प्रदूषण गर्ने, यात्रुसँग मनपरी भाडा असुल्ने जस्ता समस्या तीव्र बनेको स्थानीयको गुनासो छ।

विशेषतः सीता चोक, महावरि चोक, मुरली चोक, जनक चोक, भानु चोक, पिडारी चोक र बसपार्क क्षेत्रमा अत्यधिक ट्राफिक जाम हुने गरेको छ। जनकपुरधाम उपमहानगरपालिकाले ई–रिक्सा व्यवस्थापनका लागि निर्देशिका बनाए पनि यसको कार्यान्वयन नभएको स्थानीयको गुनासो छ। ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख सूर्यबहादुर शाहीले ई–रिक्साले बढाएको ट्राफिक समस्याप्रति आफू संवेदनशील रहेको बताए। यसको व्यवस्थापनमा ठुलो चुनौती रहेको स्वीकार गर्दै उनले यस विषयमा पटक–पटक सरोकारवालासँग अन्तरक्रिया गरे पनि सुझाव कार्यान्वयनमा आउन नसकेको जिकिर गरे।

शाहीका अनुसार ट्राफिक प्रहरीले जनचेतनामूलक कार्यक्रम सुरु गरेको छ। 'रिक्सा मजदुरलाई बोलाएर ट्राफिक नियम सिकाइरहेका छौं। नवीकरण नगरी चलाइएका, नम्बर प्लेट नदेखिएका र जर्जर अवस्थामा रहेका ई–रिक्सासमेत सहरमा गुडिरहेका छन्। यसबारेमा सचेतना फैलाइरहेका छौं,' शाहीले भने। उनले उपमहानगरपालिकाले बनाएको निर्देशिका कार्यान्वयनमा आएको खण्डमा अहिले देखिएका समस्या घट्ने विश्वास व्यक्त गरे। आर्थिक वर्ष ०८०/८१ मा १३० वटा र ०८१/८२ मा १२८ वटा ई–रिक्सा दुर्घटनाका घटना ट्राफिक प्रहरीमा दर्ता भएको उनको भनाइ छ।

पछिल्लो समय मापदण्डविना थपिँदै गएका ई–रिक्साले सहरको आवागमन असहज बनाइरहेको छ। चालकले अत्यधिक गतिमा ई–रिक्सा चलाउने, जुनसुकै स्थानमा रोक्ने, सडक नै अवरुद्ध पार्ने प्रवृत्ति बढेकाले जनकपुरधाममा दैनिक जीवन प्रभावित भएको देखिन्छ। जनकपुरधाममा अनियन्त्रित रूपमा बढ्दै गएको ई–रिक्साको चापलाई नियमन गर्न उपमहानगरपालिकाले कडाइ गर्ने तयारी थालेको छ।

जनकपुरधाम उपमहानगरपालिका कार्यपालिकाका कर प्रमुख परमेश झाका अनुसार हालसम्म करिब १ हजार ४ सय ई–रिक्सा उपमहानगरमा दर्ता भएका छन्। तीमध्ये ९ सय ५० भन्दा बढीले ब्लुबुक लिएर नियमित नवीकरण गराउँदै आएका छन् भने बाँकीले ब्लुबुक लिने प्रक्रिया जारी रहेको उनले जानकारी दिए। झाले उपमहानगरमा दर्ता नै नभएका ई–रिक्साको संख्या योभन्दा निकै बढी हुन सक्ने आकलन गरे। यसै महिनादेखि नियमनका लागि ठोस कदम चालिने प्रस्ट पार्दै उनले दर्ताविना सञ्चालन भएका ई–रिक्सालाई कारबाहीको दायरामा ल्याइने बताए।

'उपमहानगरपालिकाले २०७९ मा तयार गरेको दर्ता, नवीकरण तथा नियमन निर्देशिकाअनुसार परिक्रमा क्षेत्रभित्र दर्ता भएका ई–रिक्सालाई मात्र नगरभित्र प्रवेश दिने र उपमहानगरमा दर्ता नभएका, अन्यत्र दर्ता भएका ई–रिक्सालाई प्रवेश नदिने तयारी छ,' झाले भने। उनका अनुसार यस महिनाभित्रै नगरका विभिन्न स्थानमा सूचना बोर्ड टाँस्ने, थप दर्ता गर्ने आवश्यकताबारे सम्बन्धित निकायसँग छलफल गर्ने र अटेरी गर्ने ई–रिक्सामाथि कडाइका साथ नियमन गर्ने तयारी गरिएको छ।

**जीवन गुजाराको मुख्य साधन इरिक्सा**

स्थानीय युवा दिवाकर उप्रेतीका अनुसार धेरै युवाले रोजगारीको अभावमा ऋण काढेर वा भाडामा लिएर ई–रिक्सा सञ्चालन गर्न थालेका छन्। यही आम्दानीमै उनीहरूको परिवार गुजारा चल्ने भएकाले उपमहानगरले तोक्न लागेको भाडा दर र रुट परमिट लागु भए आम्दानीमा कमी आउने उनको भनाइ छ।

ई–रिक्सा सञ्चालन गरेर यसका चालकले दैनिक एक हजारदेखि डेढ हजार रुपैयाँसम्म आम्दानी गर्ने गरेको सम्बन्धित मजदुर बताउँछन्। ई–रिक्सा सञ्चालन गरेकै कारण कतिपय युवा वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यताबाट मुक्त भएको सरोकारवाला बताउँछन्। तर चालकहरूमध्ये धेरैजसो अशिक्षित वा कम पढे–लेखेका भएकाले लाइसेन्स बनाउन नसक्ने, अनियन्त्रित गतिमा ई–रिक्सा हाँक्ने, जुनसुकै ठाउँमा रोक्ने जस्ता समस्याले सहरलाई अझ अस्तव्यस्त बनाइरहेको छ।

उपमहानगरपालिकाको निर्देशिका लागु भए रोजगारीमा प्रत्यक्ष असर पर्ने ई–रिक्सा चालक अमृत साहको गुनासो छ। उनका अनुसार निर्देशिका अनुसार काम गर्दा सोचेजस्तो आम्दानी हुने सम्भावना छैन।

'देशमा बेरोजगारी समस्या छ, सरकारले रोजगारी दिएको छैन। जसोतसो ऋण काढेर ई–रिक्सा किन्यौँ, बिहानदेखि बेलुकासम्म खटेर परिवार पाल्नु छ, ऋण पनि तिर्नु छ। यस्तो दोहोरो समस्यामा जीवन गुजारिरहेको अवस्थामा निर्देशिकाको नाममा जीविकामाथि हमला गर्न मिल्दैन,' साहले भने।

# शिक्षामा पहुँच बढाउन छात्रालाई साइकल वितरण

**नागेन्द्रकुमार कर्ण**

महोत्तरी, १२ भदौ। छात्राहरुलाई उच्च शिक्षामा पहुँच बढाउन तथा नियमित पठनपाठनमा सहयोग पुऱ्याउने उद्देश्यले जिल्लाको मटिहानी नगरपालिकाले छात्राहरुलाई साइकल वितरण गरेको छ। मटिहानी नगरपालिकाले आफु अधिनस्त श्रीराम माध्यमिक विद्यालयको कक्षा ११ मा अध्ययनरत ५८ जना छात्राहरुलाई विद्यालयमा नियमित उपस्थितीको लागि साइकल वितरण गरेको हो। नगरपालिकाको नीति कार्यक्रममा नै छात्राहरुलाई शिक्षामा आकर्षित गर्न उद्देश्यले यस्तो कार्यक्रम राखिएको छ।

मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डल तथा महोत्तरीका प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद रिसालले संयुक्त रुपमा छात्राहरुलाई साइकल वितरण गर्नुभएको हो। नगरप्रमुख हरिप्रसाद मण्डलले यस विद्यालयमा मटिहानी नगरपालिकाको विभिन्न गाउँ तथा छिमेकी नगरपालिकाहरुबाट समेत छात्राहरु अध्ययनको लागि आउने गरेको बताउनुहुँदै शिक्षामा नियमित उपस्थिती तथा शिक्षा तर्फ आकर्षित गर्न यो कार्यक्रम नगरपालिकाले लागु गरेको बताउनुभयो। उहाँले विगत सात वर्षदेखि नगरपालिकाले कक्षा ११ का छात्राहरुलाई साइकल वितरण गरिरहेको बताउनुहुँदै यसले छात्राहरुको संख्या बढ्दै गएको बताउनुभयो।

अहिले सो विद्यालयमा मटिहानीसहित सिमरदही, बहुअर्वा, सुगा, पर्सापतैली, सिरसिया, धिरापुर र धनुषा जिल्लाको तुल्सियाही, मुखियापट्टी मुसरनिया लगायतका क्षेत्रका छात्र–छात्राहरु अध्ययनरत छन्। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसालले मटिहानी नगरपालिकाले शिक्षा प्रति गरिरहेको लगानीको प्रशंसा गर्नुहुँदै विद्यार्थीको विद्यालय नियमितताामा साइकल वितरणले सहयोग पुऱ्याउने बताउनुभयो। केही दिन अगाडि मात्रै नगरपालिकाले प्राविधिक धारतर्फ कम्प्युटर इन्जिनियरिङ अध्ययन गरिरहेका सम्पूर्ण विद्यार्थीलाई ल्यापटप वितरण गरेको सम्झिनुहुँदै प्रजिअ रिसालले शिक्षक र विद्यार्थीहरुले पठनपाठनमा ध्यान दिन आग्रह गर्नुभयो।

उक्त विद्यालयको कक्षा ११ मा अध्ययनरत ५८ जना छात्रालाई सो साइकल वितरण गरिएको विद्यालयका प्रधानाध्यापक श्रीशकुमार मिश्राले जानकारी दिनुभयो। साइकल वितरण कार्यक्रममा जिल्ला प्रहरी कार्यालय प्रमुख प्रहरी उपरीक्षक हेरम्ब शर्मा, मटिहानी नगरपालिकाको विभिन्न वडाका वडाध्यक्षहरु, महोत्तरी उद्योग वाणिज्य संघका उपाध्यक्षद्वय पवन साह र अजयकुमार साह, याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ मटिहानीका प्राचार्य हेमनारायण लाल कर्ण, राजकीय संस्कृत माध्यमिक विद्यालयका प्रधानाध्यापक ईश्वरी पौडेलसहित विभिन्न राजनीतिक दलका पार्टी प्रतिनिधिहरु, शिक्षक, शिक्षिका तथा अभिभावकको उपस्थिति थियो।

## *पाँच दिनदेखि*

आर्थिक तथा कागजी काम निरञ्जनले सम्हालो पछि मिर्चैया नगरपालिका–१२ का उपेन्द्र यादव पनि व्यवसायमा संलग्न भए। धनुषाको काम सम्पन्न भए पनि गुणस्तरसम्बन्धी विवाद देखाउँदै पालिकाले भुक्तानी रोकेपछि घाटा व्यहोर्नुपर्‍यो। घाटा पूर्ति गर्ने उद्देश्यले सप्तरीको हनुमान नगरपालिकामा अर्को ठेक्का लिए पनि फेरि घाटा भयो।

यसबीचमा भोगेन्द्र र उपेन्द्रले निरञ्जनलाई रकम नदिएको आरोप लगाउँदै विवाद सुरु गरे। कामको क्रममा निरञ्जनले भोगेन्लाई भुक्तानी गर्न भनेर दिइएका खाली ७ वटा चेकमध्ये चेक ५ वटा आफैसँग राखेको पाइएको छ। विवाद सुरु भएको केही दिनमै उपेन्द्रले ४५ लाख भरेर निरञ्जनलाई चेक बाउन्स गराए। सो मुद्दा अहिले पनि अदालतमा विचाराधीन छ। एक वर्षपछि भोगेन्द्रले पनि ३५ लाख रुपैयाँको चेक बाउन्स गराए। धेरै छलफलपछि १७ लाख बुझाउने सहमति भए पनि भोगेन्द्रले पुनः थप रकम माग्दै धम्की दिन थालेको निरञ्जनको आरोप छ।

'साथीले नै यसरी धोका दिन्छ भनेर कहिल्यै सोचेको थिइनँ। प्रमाण हुँदाहुँदै पनि प्रहरी उनीहरूसँग मिलेर अन्याय गर्छ', निरञ्जन भन्छन्, 'न्याय नपाउँदा आत्महत्या गर्न बाध्य भएको अवस्थामा पुगेको छु।' उनका अनुसार प्रहरीसमक्ष पटक–पटक गुहार्दा पनि सुनुवाइ भएको छैन। यता, भोगेन्द्रले भने आफू पीडित भएको दाबी गर्दै कानुनमार्फत रकम उठाउने प्रयास गरेको बताउँछन्। 'दुवै योजनामा नाफा भएको छ। मैले साइडमा काम गराएको छु। निरञ्जनसँग पैसा माग्दा नदिएपछि चेक बाउन्स गराएको हुँ। कानुनले मलाई पैसा दिलाउनेछ' उनले भने।

## *मिर्चैयामा ...*

निर्माण सम्पन्न भइसकेको छ। आयोजनाको कुल लागत रु १५ अर्ब ६६ करोड ४४ हजार ९८३ रहेको छ।

# विद्यालय फर्कँदै दलित समुदायका बालबालिका

सिरहा, १२ भदौ। विद्यालय छाडेका यहाँको लहान नगरपालिका– १८ का दलित तथा मुसहर समुदायका बालबालिका शैक्षिक सामग्री पाएपछि पुनः विद्यालय फर्केका छन्। शैक्षिक सामग्री वितरण र निःशुल्क 'ट्युसन' कक्षा सञ्चालन गरेपछि कक्षा १ देखि ८ सम्मका विद्यालय छाडेका ६० जना बालबालिका विद्यालय फर्किएका हुन्।

यसैअन्तर्गत बुधबार विसनपुर र शोभापुरका ४९ जना विपन्न बालबालिकालाई विद्यालयप्रति आकर्षित गराउन झोला, कापी, छाता, पानी बोतल, जुत्ता, पोसाक, कलम, पेन्सिल, इरेजरलगायत सामग्री वितरण गरिएको छ। नगरप्रमुख महेशप्रसाद चौधरीले उक्त सामग्री वितरण गरेका हुन्। नगरप्रमुख चौधरीले भने,"हामी विद्यालय सुधारमा लागिपरेका छौँ। दलित तथा विपन्न समुदायका बालबालिकाले विद्यालय नछाडुन् भन्ने हेतुले शैक्षिक सामग्री वितरणलाई निरन्तरता दिइरहेका छौँ।"

उक्त कार्यक्रम रोटरी क्लब काठमाडौँको आर्थिक सहयोगमा र दलित जनकल्याण युवा क्लबको आयोजनामा गरिएको हो। क्लबका कार्यकारी निर्देशक विनोद विसुङ्केले विसनपुर र शोभापुरसहित लहान–१३ स्थित घलेटेलका विद्यालय छाडेका बालबालिकालाई पुनः विद्यालयमा भर्ना गराइएको जानकारी दिए।

उनले भने,"यो कार्यक्रम लहान नगरपालिकासँगको समन्वयमा अघि बढाइएको हो। हामीले विद्यालयबाट विमुख बालबालिकालाई पुनः शिक्षामा फर्काउन ट्युसन कक्षा, शैक्षिक सामग्री वितरण र अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्दै आएका छौँ।"

# २९४ पेजको योजनालाई लिएर मधेस सभामा किचलो, अर्थमन्त्रीको राजीनामा माग



जनकपुर, १२ भदौ। मधेस प्रदेश सभाको बिहीबारको बैठक स्थगित भएको छ। प्रतिपक्षी दलहरूले प्रदेशको अर्थमन्त्रीको राजीनामाको माग गर्दै उठेर अवरोध गरेपछि सदनको बैठक स्थगित भएको हो। कमिसन र बिचौलियाको 'इन्ट्रेस्ट' अनुसार बजेट पास भएको जिकिर गर्दै प्रतिपक्षी दलका सांसदहरू अर्थमन्त्रीको राजीनामाको माग गरेका हुन्। प्रतिपक्षी दल जसपा नेपालका प्रदेश सांसद रामअशिष यादवले अर्थमन्त्री सुनिल यादवको राजीनामाको माग गरे।

अर्थमन्त्री यादवको चलखेलमा बजेटमा धेरै गडबड गरिएको उनले दाबी गरे। चालू आर्थिक वर्ष ०८२/०८३ को बजेट पुस्तिकामा असन्तुलित बजेट राखिएको यादवले सदनमा सभामुखको ध्यानाकर्षण गराएका थिए। उनले भने 'सदनमा ४६२ पेजको रेडबुक वितरण गरिएको थियो, तर बाहिर भने ७५५ पेजको रेड बुक तयार गरिएको थियो। त्यो विषयमा सदनमा विवाद हुँदा पनि प्रतिपक्षी दलको विरोधका बाबजुद प्रदेश सभाबाट बजेट पारित गरियो।' त्यसरी २९४ पेज चोराएको योजनाहरूसहितको बजेट अर्थमन्त्री यादवको चलखेलमा पारित भएकोले अर्थमन्त्रीको राजीनामा नआउँदासम्म सदन चल्न नदिने प्रतिपक्षी दलहरूको अडान रहेको जसपा नेपालका नेता यादवले बताए।

सभामुखले कार्यसूचीमा प्रवेश गर्न खोज्दा प्रतिपक्षी दलले उठेर विरोध जनाइरहेपछि बैठक स्थगन गरिएको हो। यसअघि सभामुख रामचन्द्र मण्डलले मण्डलले बैठक १३ गतेसम्मका लागि स्थगन भएको जानकारी गराए। चालू आर्थिक वर्षको बजेटमा चोर बाटो धेरै योजना राखिएको भन्दै सदनको बैठकमा विरोध हुन थालेको छ। अर्थमन्त्री सुनिल यादवले योजना बेचेको र बिचौलियाको इन्ट्रेस्ट अनुसार बजेट राखेको आरोप २६ असारमा सदनमा लागेको थियो। सदनमा बजेट ल्याउँदा त्यस बखत २९४ पेजको योजना आफ्नो स्वार्थ अनुसार गोप्य राखेपछि मधेस सभामा हङ्गामा मच्चेको थियो।

जसपा नेपालका प्रदेश सांसद रामअशिषले भने 'प्रदेशमा सुरुमा बाँडिएको रेड बुक ४६१ पेजको थियो। तर गोप्य हिसाबले ७५५ पेजको योजनावाला दोस्रो रेड बुक पत्ता लाग्यो। त्यसपछि हामीले विरोध गर्दा कार्यदल गठन भयो। उक्त कार्यदलले माग्दा अर्थमन्त्री अर्को ७५५ पेज भएको रेड बुक थमाइदिए। अनि सरकारको दोस्रो रेड बुक छताछुल्ल भयो।' सरकारको आग्रहमा त्यसबेला उपसभामुखको नेतृत्वमा १३ सदस्यीय कार्यदल गठन गरिएको थियो। जसपा नेपालका प्रदेश सांसद यादवले भने, 'त्यो कार्यदलले वास्तविक छानबिन गर्नुपर्ने हो, तर त्यसमा पनि अल्पमत र बहुमतको खेल भयो। जुन कारणले प्रतिपक्षी दलको उपस्थितिबिनै बजेट पारित गरियो। जुन सरासर अन्याय हो।'

यही कारण बिना प्रतिपक्ष बजेट पास गरिएको भन्दै अर्थमन्त्रीको राजीनामाको माग गर्दै सदनको बैठक अवरोध गरिएको जसपा नेपालका प्रमुख सचेतकसमेत रहेका रामअशिष बताउँछन्। अर्थमन्त्री सुनिल यादवको राजीनामा नआउँदासम्म सदनको बैठक चल्न नदिने प्रतिपक्षी दलहरूको अडान छ। प्रदेश सभामा जसपा नेपाल, माओवादी केन्द्र, एकीकृत समाजवादी (एस) नागरिक उन्मुक्ति पार्टी, नेपाल संघीय समाजवादी पार्टीसहितका छन्।

# रौतहटबाट चोरी भएको ट्र्याक्टर सर्लाहीमा फेला




रौतहट, १२ भदौ। रौतहटको वृन्दावन नगरपालिका–९ बाट चोरी भएको ट्र्याक्टर सर्लाहीमा फेला परेको छ। यससँगै चोरीमा संलग्न रहेका दुई जनालाई प्रहरीले पक्राउ गरेको इलाका प्रहरी कार्यालय गरुडाले बुधवार साँझ सार्वजनिक गरेको छ। प्रहरीका अनुसार वृन्दावन–९ का शैलेन्द्र राउक कुर्मीको खेतमा रहेको मधेस प्रदेश २०३–००१ त १९२४ नम्बरको ट्र्याक्टर गत साउन ८ गते राति करिब साढे १२ बजे चोरी भएको थियो। चोरी भएको ट्र्याक्टर भोलिपल्ट गत साउन १० गते सर्लाहीस्थित ईश्वरपुर नगरपालिका–११, सडक छेउ खाल्डोमा फेला परेको प्रहरीले जनाएको छ।

प्रहरीले घटनासम्बन्धी थप अनुसन्धान गर्दै जाँदा घटनाको १ महिना पछि ट्याक्टर चोरीमा संलग्न दुईजना लाई पक्राउ गरेको छ। पक्राउ परेकाहरूमा सर्लाही बरहथवा नगरपालिका–३ का १९ वर्षीय बिजेन्द्र दास र वडा–७ का २६ वर्षीय विनोद पण्डित रहेको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डिएसपी राजन कार्कीले बताएका छन्। पक्राउ परेकाहरूलाई चोरीमा संलग्न रहेको अभियोगमा अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय गरुडाले जनाएको छ।

# सप्तरीमा सडक दुर्घटना : एक वर्षमा ८४ जनाले ज्यान गुमाए

राजविराज, १२ भदौ। सप्तरीमा गत वर्ष सडक दुर्घटनामा परेर ८४ जनाले ज्यान गुमाएका छन्। जिल्ला ट्राफिक प्रहरी कार्यालय शम्भुनाथका अनुसार गत वर्ष एक हजार एक सय ७२ वटा दुर्घटना भएको हो। ती दुर्घटनामा तीन बालबालिकासहित १२ महिला र ६९ जना पुरुषले ज्यान गुमाएका हुन्। सोही दुर्घटनामा एक सय ७३ बालबालिका, तीन सय एक महिला र ९ सय ४६ जना पुरुष गरी एक हजार चार सय २० जना घाइते भएका छन्। गत वर्ष अघिल्लो वर्षभन्दा करिब ३० प्रतिशतले सडक दुर्घटना बढेको छ



भने अघिल्लो वर्षभन्दा ज्यान गुमाउनेको संख्या ४७ प्रतिशतले बढेको ट्राफिक प्रहरी कार्यालयको तथ्यांक छ। अघिल्लो वर्ष सडक दुर्घटनामा चार बालबालिकासहित ५६ जनाले ज्यान गुमाएका थिए। ८ सय ८५ वटा दुर्घटना हुँदा एक हजार ५१ जना घाइते भएका थिए। कार्यालयको तथ्यांकअनुसार दुवै वर्ष सबैभन्दा बढी मोटरसाइकल दुर्घटना परेको छ।

सडक दुर्घटना नियन्त्रण गर्न ट्राफिक प्रहरीले जनचेतनामूलक कार्यक्रम गरे पनि प्रभावकारी देखिएको छैन। गत वर्ष मात्रै प्रहरी कार्यालयले विद्यार्थी, चालक, सहचालक, सर्वसाधारण र युवा लक्षित दुई हजार एक सय ४६ वटा कार्यक्रम गरेको छ। तर, सडक दुर्घटनामा भने कमी आएको छैन।

सडक दुर्घटना बढ्दो देखिँदासमेत ट्राफिक नियम उल्लघंन गर्ने चालक कारबाहीमा परेको संख्या भने ह्वात्तै घटेको प्रहरी कार्यालयको तथ्यांकमा देखिएको छ। आर्थिक वर्ष ०७९/०८० मा ट्राफिक नियम उल्लघंन गर्ने चालकलाई कारबाही गरी दुई करोड ५३ लाख ५६ हजार ५ सय राजस्व संकलन हुँदा गत वर्ष त्यसको अनुपातमा ५० प्रतिशत मात्रै राजस्व संकलन भएको छ। गत वर्ष एक करोड २७ लाख ९३ हजार ५ सय १ रुपैयाँ मात्रै राजस्व संकलन भएको छ भने अघिल्लो वर्ष एक करोड ७७ लाख ९२ हजार ६ सय राजस्व संकलन भएको थियो।












मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)